भगवतीमाई गाउँ कार्यपालिकाको ५९ औं बैठकका निर्णयहरु :

**निर्णय नं. १ :**

यस भगवतीमाई गाउँपालिकामा गत आ.व. २०७५।०७६ मा कार्यान्वयन भएका विभिन्न आयोजना तथा कार्यक्रमहरु र सम्पन्न विविध गतिविधिहरु सम्वन्धमा छलफल तथा समिक्षा गरियो । साथै गत आ.व.मा भएका कमजोरीहरुको सुधार गर्ने र बेरुजु फस्र्यौट गर्ने तर्फ सक्रियता साथ कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :**

चालु आ.व. २०७६।०७७ को पहिलो चौमासिकमा कार्यान्वयन भएका आयोजना, कार्यक्रम तथा क्रियाकलापहरुको चौमासिक समिक्षा गरियो र चालु आ.व.मा सम्पन्न गर्नुपर्ने आयोजना तथा कार्यक्रमहरु यथाशिघ्र कार्यान्वयन गरी समयमै सम्पन्न गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस गाउँपालिकाबाट प्रदान गरिने 'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्न गाउँपालिका अध्यक्ष ज्यूलाई अख्तियारी दिर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस चालु आ.व.२०७६।०७७ मा प्रधानमन्त्री रोजगार कार्यक्तम अन्तर्गत कार्यान्वयन हुने योजनाहरु देहाय वमोजिम प्राथमिकीकरण गरी पठाउने निर्णय गरियो ।

| क्र.सं. | वडा नं. | विषयगत क्षेत्र | आयोजनाको नाम | स्थान | कैफियत |
|---|---|---|---|---|---|
| १ | १ | सडक | कुम्री देखी मानाखोला सडक स्तरोन्नती | पगनाथ, गन्म, कुम्री | |
| २ | २ | सडक | तिदु चौतारा देखी सिडार सम्म सडक स्तरोन्नती | रुम | |
| ३ | | फिल्ड | भगवतीमाई गा.पा. फिल्ड निर्माण | वेस्तडा | |
| ४ | ३ | सडक | मौला, ठाडाकुला देखी भरसुलिसम्म सडक निर्माण | मेहेलतोली | |
| ५ | ४ | सडक | सुयाडा मध्यपहाडी सिमानादेखी मालिका मन्दिरसम्मको सडक निर्माण | मन्घर, झारगाउँ | |
| ६ | ५ | सडक | ढकार देखी सरस्वती नि.मा.वि. सम्म मोटरबाटो निर्माण | कट्टी | |
| ७ | | सडक | दाडिम देखि माईकास्थान धार्र कृषि सडक निर्माण | कट्टी | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | ६ | सडक | ढकार देखि चिपिन कट्टीसम्म सडक निर्माण | कट्टी | |
| ९ | ७ | सडक | पिते ढुङ्गा देखी शिखरद्धारीसम्म सडक स्तरोन्नती | वडाभैरव | |

**निर्णय नं. ५ :**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (मा. मन्त्रिस्तर) को मिति २०७६।०७।०५ को निर्णय तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको मिति २०७६।०७।०६ गतेको संशोधित समायोजन पत्रानुसार नायव प्राविधिक सहायक श्री निरुता गाहा (क.सं.नं.२३११६२) लाई यस गाउँपालिका अन्तर्गत समायोजन गरिएको र यस पालिकाको स्वीकृत दरवन्दी सहायक स्तर चौथो (नायव प्राविधिक सहायक) रिक्त नरहेकोले कृषि सेवाको सहायकस्तर पाँचौ स्वीकृत दरवन्दी २ मध्ये १ कायम र सहायकस्तर चौथो १ दरवन्दी थप सृजना गरी निज नायव प्राविधिक सहायक श्री निरुता गाहालाई उक्त पदमा पदस्थापदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

यस भगवतीमाई गाउँपालिकामा रहेको सरस्वती युवा क्लवको आयोजनामा मिति २०७६।०८।१९ गते देखी २०७६।०८।२२ गतेसम्म संचालन हुने कर्णाली प्रदेश पालिकास्तरीय भलिवल प्रतियोगिता संचालन गर्न रकम सहयोगको लागि प्रस्ताव पेश गरेकोले खेलकूद प्रतियोगिता शिर्षकबाट रु. ४०००००। (अक्षेरुपी चार लाख रुपैयाँ) उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७ :**

डिभिजन वन कार्यालय, दैलेखको चालु आ.व. २०७६।०७७ को लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस गाउँपालिकामा एउटा हेलिप्याड निर्माण गर्ने कार्यक्रम रहेको हुँदा उक्त हेलिप्याड वडा नं. ३, सान्तडामा निर्माण गर्ने निर्णय गरियो ।